आज मिति २०७९।०४।२९ गते आइतबारका दिन बेनी नगरपालिकाका नगर प्रमुख श्री सुरत के.सी.ज्यूको अध्यक्षतामा बसेको चौथो नगर कार्यपालिकाको बैठकमा देहायको उपस्थितिमा निम्नानुसारको निर्णय गरियो।

उपस्थितिः

| क्र.सं. | नाम, थर | पद, कार्यालय | हस्ताक्षर |
|---|---|---|---|
| १ | सुरत के.सी. | नगर प्रमुख, बेनी नगरपालिका | |
| २ | ज्योती लामिछाने पौडेल | नगर उपप्रमुख, बेनी नगरपालिका | |
| ३ | रमेश कुमार श्रेष्ठ | प्रवक्ता,वेनी न.पा./वडा अध्यक्ष वेनी न.पा.७ | |
| ४ | धोलकराज ढकाल | प्रमुख प्रशासकीय अधिकृत वेनी न.पा | |
| ५ | टेक वहादुर थापा | वडा अध्यक्ष, बेनी नगरपालिका-१ | |
| ६ | ~~चन्द्रकान्त शर्मा~~ मान बहादुर डुडी | ~~[illegible]~~.वडा अध्यक्ष, बेनी नगरपालिका-२ | |
| ७ | पदम वहादुर पुन | वडा अध्यक्ष, बेनी नगरपालिका-३ | |
| ८ | अण वहादुर खड्का | वडा अध्यक्ष, बेनी नगरपालिका-४ | |
| ९ | गोविन्द वानियाँ | वडा अध्यक्ष, बेनी नगरपालिका-५ | |
| १० | कृष्ण वहादुर वानियाँ | वडा अध्यक्ष, बेनी नगरपालिका-६ | |
| ११ | उत्तम कुमार कर्मचार्य | वडा अध्यक्ष, बेनी नगरपालिका-८ | |
| १२ | चक्र वहादुर के.सी. | वडा अध्यक्ष, बेनी नगरपालिका-९ | |
| १३ | मसबिर रोका | वडा अध्यक्ष, बेनी नगरपालिका-१० | |
| १४ | कृष्ण कुमार वि.क. | कार्यपालिका सदस्य, बेनी नगरपालिका | |
| १५ | किसान विश्वकर्मा | कार्यपालिका सदस्य, बेनी नगरपालिका | |
| १६ | मन कुमारी विश्वकर्मा | कार्यपालिका सदस्य, बेनी नगरपालिका | |
| १७ | सृजना श्रेष्ठ | कार्यपालिका सदस्य, बेनी नगरपालिका | |
| १८ | सुजता किसान | कार्यपालिका सदस्य, बेनी नगरपालिका | |
| १९ | बविता सापकोटा | कार्यपालिका सदस्य, बेनी नगरपालिका | बबिता |
| २० | मिना कुमारी कार्की | कार्यपालिका सदस्य, बेनी नगरपालिका | |
| २१ | निर्मला मल्ल | कार्यपालिका सदस्य, बेनी नगरपालिका | |

अन्य उपस्थितिः

| क्र.सं. | नाम, थर | पद, कार्यालय | हस्ताक्षर |
|---|---|---|---|
| १ | युवराज थापा | प्रशासकीय अधिकृत, बेनी न.पा. | |
| २ | विमल रतन डाडी | इन्जिनियर " " | |
| ३ | माधव प्रसाद शर्मा | लेखापाल " " | |
| ४ | | | |
| ५ | | | |

# बेनी नगर कार्यपालिकाको बैठकका निर्णयहरु (आ.व.२०७९/०८०, बैठक नं १)

मिति २०७९।०४।२९ गते

१. गत आर्थिक वर्षका कार्यपालिका निर्णयहरु र सोको कार्यान्वयन अवस्थाको समीक्षा गरियो । कार्यपालिकाको निर्णयबाट एवं नगरपालिकाका तर्फबाट भएका आ.व. २०७८/०७९ मा भएका सबै खर्चहरु अनुमोदन गरियो । कार्यपालिकाको निर्णयलाई थप कार्यान्वयनयोग्य बनाउने गरी सरोकारवाला सबैसँग समन्वय र सहकार्य गरी अघि बढ्ने निर्णय गरियो ।

२. जिल्ला दररेट निर्धारण समितिको मिति २०७९/०३/३० गतेको बैठकबाट आर्थिक वर्ष २०७९/८० का लागि निर्माण सामाग्री, ढुवानी, मेशीन तथा उपकरणको भाडा, कामदारको ज्याला तथा अन्य विभिन्न सामाग्रीहरुको स्वीकृत दररेटलाई नै नगरपालिकाको तर्फबाट समेत स्वीकृत गरी गराई कार्यान्वयन गर्ने गराउने निर्णय गरियो ।

३. बेनी नगर कार्यपालिकाको कार्यालयको तर्फबाट तयार गरिएको आ.व. २०७९/८० को वार्षिक योजनालाई स्वीकृत गरियो। वार्षिक योजना बमोजिम चालु आ.व. मा कुल १५ लाख रुपैयासम्मका योजनाहरु उपभोक्ता समितिमार्फत र सो भन्दा बढी रकमका योजनाहरु बोलपत्रका माध्यमबाट खरिद गर्ने गराउने निर्णय गरियो । साथै योजनाको गुणस्तरीयता कायम गर्न र योजना कार्यान्वयनमा प्रभावकारिता ल्याउन सबै योजना तथा कार्यक्रमहरुको सम्झौता २०७९ माघ मसान्त सम्म गरिसक्ने निर्णय गरियो ।

४. बेनी नगरपालिकाको आ.व. २०७९/८० को विकास निर्माण तर्फका पाँच लाख सम्मका योजनाहरु वडाहरुबाट नै सम्झौता गरी कार्यान्वयन गर्ने निर्णय गरियो ।

५. आ.व. २०७९/८० का लागि बन वातावरण तथा विपद व्यवस्थापन समितिबाट प्रस्ताव भई नगरसभाबाट पारित भएका वडागत विपद व्यवस्थापन शीर्षकमा विनियोजित रकमबाट आवश्यकता अनुसार विपद उद्धार एवं व्यवस्थापनका सामाग्री खरिद कार्य वडा समिति मार्फत नै गर्ने गरी अधिकार प्रत्यायोजन गर्ने र यसरी खरिद गर्दा सार्वजनिक खरिद ऐन, २०६३ तथा नियमावली, २०६४ बमोजिमका प्रकृया अवलम्बन गरी गराई सम्बन्धित वडा समितिको निर्णयबाट खरिद गर्ने गराउने निर्णय गरियो ।

६. सर्वोच्च अदालतको अन्तरिम आदेशका कारण कालीगण्डकीबाट ढुङ्गा, गिट्टी, वालुवा उत्खनन गर्ने कार्य बन्द गरिएकोमा नगरपालिकाको राजश्व आम्दानीमा गिरावट आएको अवस्था समेतलाई मध्यनजर गरी सर्वोच्च अदालतमा चालु अवस्थामा रहेको उत्प्रेषणयुक्त परमादेश मुद्दामा अग्राधिकार लिई बहस पैरवी लगायतको कार्य गर्ने प्रयोजनका लागि यस क्षेत्रमा रहेका बाग्लुङ र कुश्मा नगरपालिका र जलजला गाउँपालिकाको तर्फबाट अधिवक्ता रमण श्रेष्ठलाई जिम्मा दिई निजको पारिश्रमिकको विषयमा नगरपालिकाको आम्दानीका आधारमा उल्लेखित सबै स्थानीय तहहरुबाट रकम व्यहोर्ने निर्णय गरियो ।

७. बेनी नगरपालिका अन्तर्गत झोलुङ्गे पुल आवश्यकता रहेका स्थानहरु पहिचान गरी झोलुङ्गे पुलका निर्माणका लागि सबै वडा कार्यालयहरुले सम्वन्धित वडाको वडा समितिको निर्णय सहित भदौ १० गतेभित्र बेनी नगर कार्यपालिकाको कार्यालयमा पठाउने निर्णय गरियो ।



सुरत के.सी.
नगर प्रमुख

८. सामाजिक सुरक्षा भत्ता वितरणका लागि साबिकमा विभिन्न बैङ्कहरुसँग गरिएको सम्झौताको म्याद समाप्त भएको र चालु आ.व. बाट नयाँ सम्झौता गरी सामाजिक सुरक्षा भत्ता वितरण गर्नुपर्ने भएकोले देहायका वडाका लागि तपसिल बमोजिमको बैंकहरुबाट मिति २०७९ साल साउन १ गतेदेखि नै लागु हुने गरी सामाजिक सुरक्षा भत्ता वितरण गर्न गराउन सम्झौता गर्ने कार्य अघि बढाउने गरियो ।

| सि नं | वडा नम्बर | सामाजिक सुरक्षा भत्ता वितरणका लागि छनौट गरिएको बैंकको नाम |
|---|---|---|
| १ | १, ७ र ८ | कृषि विकास बैंक लिमिटेड, बेनी शाखा |
| २ | २ र ३ | प्राइम कमर्शियल बैंक लिमिटेड, बेनी शाखा |
| ३ | ४ र ५ | प्रभु बैंक लिमिटेड, बेनी शाखा |
| ४ | ६ र ९ | गरिमा विकास बैंक लिमिटेड, बेनी शाखा |
| ५ | १० | ग्रिन डेभलपमेन्ट बैंक लिमिटेड, बेनी शाखा |

९. बेनी नगरपालिका क्षेत्रमा मेला तथा विभिन्न सांस्कृतिक कार्यक्रम सञ्चालनका लागि विभिन्न समयमा अनुमति माग भई आउने गरेको र यस प्रकारको अनुमती दिने कार्यलाई करको दायरामा ल्याउन सक्दा नगरपालिकाको केही आयमा वृद्धि हुन सक्ने अवस्था समेतलाई मध्यनजर गरी देहाय बमोजिम हुने गरी अनुमती दिने निर्णय गरियो ।

| सि.नं | मेला/कार्यक्रमको प्रकार | लिइने राजश्व रकम | संलग्न गर्नुपर्ने कागजात |
|---|---|---|---|
| १ | वडास्तरीय मेला तथा कार्यक्रम | रु १ हजार | १. संस्था दर्ता प्रमाणपत्र<br>२. वडा कार्यालयको सिफारिसपत्र<br>३. राजश्व तिरेको रसिद |
| २ | नगरस्तरीय मेला तथा कार्यक्रम | रु २ हजार ५ सय | |
| ३ | जिल्लास्तरीय मेला तथा कार्यक्रम | रु ३ हजार | |
| ४ | राष्ट्रियस्तरका मेला तथा कार्यक्रम | रु ५ हजार | |

१०. बेनी नगर कार्यपालिकाको मिति २०७८/११/३० गतेको निर्णयानुसार सडक वोर्ड नेपालका तर्फबाट प्राप्त भएको रकम दुधेखोला-हल्लेगौडा-भकिम्ली सडकको कार्य अघि बढाउने भनिएकोमा उक्त रकमबाट सडक मर्मतका कार्यहरु मात्र गर्न सकिने भन्ने जानकारी प्राप्त भएकोले सो रकमलाई बेनी -पात्लेखेत सडक मर्मतको कार्य गर्ने गरी आवश्यक कार्य अघि बढाउने निर्णय गरियो ।

११. भूउपयोग ऐन, २०७६ तथा नियमावली २०७७ बमोजिम प्रत्येक स्थानीय तहले भूउपयोग ऐन, २०७६ को दफा ४ बमोजिम वडाको भूबनौट, भूमिको क्षमता तथा उपयुक्तता, भूमिको मौजुदा उपयोग र आवश्यकता समेतका आधारमा विभिन्न दशवटा भूउपयोग क्षेत्रमा वर्गीकरण गर्नुपर्ने भएकोले सबै वडा कार्यालयहरुले आफ्नो वडा समितिमा आवश्यकता अनुसार छलफल गरी प्रारम्भिक चरणमा आफ्नो क्षेत्रभित्रका जग्गालाई वर्गीकरण गर्न सकिने क्षेत्रको प्रारम्भिक पहिचान सहितको आवश्यक कार्य गरी नगरपालिकामा सिफारिश गर्ने निर्णय गरियो ।

१२. बेनी नगरपालिकाको कार्यलाई व्यवस्थित एवं प्रभावकारी बनाउन देहाय बमोजिमका कार्यविधिहरु पारित गर्ने निर्णय गरियो ।

क. संक्षिप्त वातावरणीय अध्ययन तथा प्रारम्भिक वातावरणीय परीक्षण कार्यविधि, २०७९

ख. उपभोक्ता समिति गठन, परिचालन तथा व्यवस्थापन सम्बन्धी कार्यविधि, २०७९

ग. बेनी नगरपालिकाभित्र टेम्पो, अटोरिक्सा तथा ई-रिक्सा सञ्चालन तथा व्यवस्थापन सम्बन्धी कार्यविधि,२०७९



सुरत के.सी.
नगर प्रमुख

१३. नेपाल सरकारको प्रधानमन्त्री रोजगार कार्यक्रम अन्तर्गत बेनी नगरपालिकामा आ.व. २०७९/८० मा सूचीकृत ५२० जना बेरोजगार व्यक्तिहरुको प्राथमिकता क्रमको सूची प्रकाशन गर्ने तथा प्राप्त हुन आएको रकमबाट देहाय अनुसार योजना सम्पन्न गर्ने निर्णय गरियो।

| क्र.स. | योजनाको नाम | वडा नं. | बिनियोजित रकम | उपलब्ध हुने रोजगारी संख्या |
|---|---|---|---|---|
| रोजगारी सृजना ( आई. डि. ए.) | | | | |
| १ | धुलेगैरा देखी २००४ साले कुलो सम्म पदमार्ग मर्मत सम्भार योजना | १ | २८१६०० | ४ |
| २ | खुर्सानिवोट सल्लेनधारा रोहोटेपानी फेदी पदमार्ग मर्मत सम्भार योजना | २ | ३५२००० | ५ |
| ३ | डोले मुसुङ सडक मर्मत सम्भार योजना | ३ | ५२८००० | ८ |
| ४ | मोदी छेपारे डोले पदमार्ग मर्मत सम्भार योजना | ३ | २११२०० | ३ |
| ५ | डडेकोट दरवार पदमार्ग मर्मत सम्भार योजना | ५ | ३५२००० | ५ |
| ६ | अस्पताल चोक देखी खरेनी मोटरवाटो मर्मत मर्मत सम्भार योजना | ८ | २११२०० | ३ |
| ७ | तोरीपानी गाँउको भित्री मोटरबाटो मर्मत सम्भार योजना | ९ | ५३३४०० | ८ |
| ८ | दुबाखर्क देखि भंकासे सम्म पदमार्ग मर्मत सम्भार योजना | १० | २८१६०० | ४ |
| | जम्मा | | २७५१००० | ४० |
| रोजगारी सृजना (नेपाल सरकार) | | | | |
| १ | देउराली चोक देखी पुरङ्गी पदमार्ग निर्माण | १ | २११२०० | ३ |
| २ | आँगेबगर पदमार्ग निर्माण | ४ | २८१६०० | ४ |
| ३ | बाझमुख सिरानटोल काल्नेचौर पदमार्ग निर्माण | ५ | २११२०० | ३ |
| ४ | डम्मरा तल्लो माझखेत सडक स्तरोन्ती | ६ | ३०२२०० | ५ |
| ५ | खोरिया वराहपाखो पिक्निकस्थल हुलाकचोक हुँदै बे न पा ८ सिमाना सम्म पदमार्ग निर्माण | ७ | २११२०० | ३ |
| ६ | काउलेगौडा पदमार्ग निर्माण | ९ | २११२०० | ३ |
| ७ | तिनमाने पदमार्ग निर्माण | ९ | २११२०० | ३ |
| ८ | स्वास्थ चौकी देखी गहते डाँडा हुँदै वडा कार्यालय सम्म पदमार्ग निर्माण | १० | २११२०० | ३ |
| | जम्मा | | १८५१००० | २७ |

१४. नेपाल सरकारको प्रधानमन्त्री रोजगार कार्यक्रम अन्तर्गत बेनी नगरपालिकामा योजना सम्पन्न गर्न रोजगारीको हक सम्बन्धी नियमावली, २०७५ को दफा १४ बमोजिम देहायको स्थानीय निर्देशक समिति गठन गर्ने निर्णय गरियो।

क) श्री सुरत के.सी., नगर प्रमुख, बेनी न.पा. - अध्यक्ष

ख) श्री ज्योति लामिछाने पौडेल, नगर उपप्रमुख, बेनी न.पा. - सदस्य

ग) श्री याम बहादुर क्षेत्री, वडा अध्यक्ष, बेनी न.पा. २ - सदस्य



सुरत के.सी.
नगर प्रमुख

घ) श्री अण बहादुर खडका, वडा अध्यक्ष, बेनी न.पा.-४ - सदस्य

ङ) श्री धोलकराज ढकाल, प्र.प्र.अ., बेनी न.पा. - सदस्य

च) श्री कुलचन्द्र रेग्मी, रोजगार संयोजक, बेनी न.पा. - सदस्य सचिव

१५. नेपाल सरकारको मेडपा कार्यक्रम अन्तर्गत बेनी नगरपालिकामा आ.व. २०७९/८० को मेडपा कार्यक्रम सञ्चालन गर्न गरिबी निवारणका लागि लघु उद्यम विकास कार्यक्रम सञ्चालन निर्देशिका, २०७७ को दफा ५२ अनुसार देहायको समिति उद्यम विकास समिति गठन गर्ने निर्णय गरियो।

क) श्री सुरत के.सी., नगर प्रमुख, बेनी न.पा. - संयोजक

ख) श्री पदम पुन, संयोजक, आर्थिक विकास समिति - सदस्य

ग) श्री धोलकराज ढकाल, प्र.प्र.अ., बेनी न.पा. - सदस्य

घ) श्री पवित्रा किसान, महिला वडा सदस्य - सदस्य

ङ) श्री प्रतिनिधि, उद्योग वाणिज्य संघको प्रतिनिधि - सदस्य

च) श्री प्रतिनिधि, लघु उद्यमी समूह संघको प्रतिनिधि - सदस्य

छ) श्री कुलचन्द्र रेग्मी, शाखा प्रमुख, उद्यम विकास शाखा - सदस्य सचिव

१६. बेनी नगरपालिकाले स्टोर प्रयोजनका लागि बेनी नगरपालिका वडा नं ७ स्थित गंगा सदनका दुई तला भवन भाडामा लिई प्रयोग गर्दै आएकोमा उक्त भवनका धनीसँग भएको सम्झौताको म्याद समाप्त भएकोले अब उप्रान्त उक्त भवन प्रयोगमा भएको सम्झौताको म्याद थप नगर्ने भनी घरधनीलाई जानकारी दिने र २०७९ भाद्र मसान्तसम्मको रकम मात्र भुक्तानी गर्ने निर्णय गरियो ।

१७. गत आ.व. २०७८/०७९ मा बेनी नगरपालिका नगर कार्यपालिकाको कार्यालयतर्फबाट भएका आम्दानी खर्चको विवरण सहितको आर्थिक प्रतिवेदन पारित गर्ने निर्णय गरियो । गत आ.व. २०७९/०८० को अन्तिम लेखापरीक्षणको कार्य समेत समयमा नै सम्पन्न गर्ने गराउने निर्णय गरियो ।

१८. बेनी नगरपालिका स्वास्थ्य शाखाको संयोजनमा भएको बेनी बजारभित्रका निजी स्वास्थ्य संस्थाहरुको अनुगमन प्रतिवेदन पारित गर्ने निर्णय गरियो ।

१९. नेपाल सरकारको निर्णय बमोजिम मृगौला प्रत्यारोपण गरेका, डायलाइसिस गरिरहेका, क्यान्सर रोगी र मेरुदण्ड पक्षाघातका बिरामीलाई औषधी उपचार बापत खर्च उपलब्ध गराउने कार्यविधि, २०७८ अनुसारका बिरामीहरुका लागि मासिक ५ हजार रुपैयाका दरले वृत्ति उपलब्ध गराउने भन्ने प्रावधान बमोजिम यस नगरपालिका अन्तर्गत उल्लेखित रोग लागेका यस कार्यालयमा विवरण प्राप्त भएका बिरामीहरुका लागि हाल नगरपालिकाको कोषबाट रकम खर्च लेखी शोधभर्नाका लागि स्वास्थ्य तथा जनसंख्यामा मन्त्रालय लेखी पठाउने निर्णय गरियो ।

सुरत के.सी.
नगर प्रमुख